# आचार्य बन्धु समाजको संक्षिप्त रणनीतिक योजना २०७५ - २०७९

## १. पृष्ठभुमिः

कौडिण्य गोत्री आचार्यहरुको समग्र विकाश र उत्थानको निम्ति एउटा साझा थलोको आवश्यकतालाई मनन गर्दै, एउटै सगोत्री भित्र रहेका बन्धुहरु बिच भातृत्व, मेल मिलाप र आपसी सहयोग अभिबृद्धि गर्दै समाजमा प्रजातान्त्रिक प्रक्रियाबाट सुशासन कायम गर्न सघाउ पुर्‍याउने प्रतिवद्धताका साथ गैर नाफामुखी, जनहीतकारी गैर राजनीतिक एउटा विशुद्ध सामाजिक संस्था दर्ता गर्न आवश्यक भएकोले विधान बमोजिम कार्य गर्ने गरी संस्था दर्ता ऐन, २०३४ वमोजिम **"आचार्य बन्धु समाज-नेपाल"** सामाजिक संस्था स्थापना गरिएको छ भन्ने प्रस्तावना सहित जिल्ला प्रशासन कार्यालयमा मिति २०६९/०७/०१ दर्ता भएको आचार्य बन्धु समाज - नेपालले ६ बर्ष पार गरिसकेको छ । हालसम्म यस आचार्य बन्धु समाज नेपालको पहुँच देशका ७ वटै प्रदेश तथा स्थानीय तहसम्म बिस्तार भएको छ भने संस्थालाई अन्य यस्तै प्रकृतिका र उद्देश्य भएका संस्थाहरुको छाता संगठनको रुपमा समेत विकाश गर्ने पवित्र लक्ष्य सहित संस्था अगाडि बढेको छ भने २ वटा कार्यकाल सम्पन्न गरि श्री भानुप्रसाद आचार्यको नेतृत्वमा तेश्रो कार्यकाल जारी छ। त्यसै गरि नेपाल बाहिर समेत कानून बमोजिमको आवश्यक प्रक्रिया पुर्‍याई संस्था बिस्तार गर्ने लक्ष्य लिएर संस्था अगाडि बढेको छ ।

सुन्धाराको एउटा होटलमा भएको चियापानबाट सुरु गरिएको बन्धुहरुवीच भाईचाराको सम्बन्ध स्थापना गर्ने, कौडिण्य गोत्री आचार्य बन्धुहरुको उत्पति, ईतिहाँस, महत्वपुर्ण योगदानहरुको बारेमा अध्ययन अनुसन्धान गरी वर्तमान तथा भावी पीडिहरुलाई पुर्खाको गौरवपुर्ण ईतिहाँसबाट प्रेरणा र उत्साह प्राप्त गर्न सहयोग पुर्‍याउने, देशभित्र र बाहिर रहे बसेका बन्धुहरुवीच एउटा सञ्जाल बिस्तार गरी आपसी भाईचारा र सुमधुर सम्बन्ध कायम गर्दै सहयोग र सुचनाको आदान प्रदान गर्ने र सामाजिक तथा आर्थिक रुपले कमजोर बर्गका बन्धुहरुका साथै जेहेन्दार बिद्यार्थीहरुलाई आवश्यक प्रोत्साहन र सहयोग पुर्‍याउन प्रयत्नशिल रहने जस्ता उद्देश्य लिएर स्थापना भएको संस्था ६ बर्षको अवधिमा थुप्रै उतार चढाव तथा आरोह अवरोह सहित अगाडि बढेको छ भने दिग्गज बन्धुहरुको सल्लाह, सुझाव तथा माया र स्नेहसाथ पारिवारिक वातावरणमा हुर्कदैछ । बिधानको धारा ४ बमोजिमको उद्देश्य पुरा गर्न बन्धु समाजले धारा ५ बमोजिम बंश, बंशावली, भाषा, संस्कृति आदी बिषयमा अध्ययन, अनुसन्धान गर्ने, सोको लागी बिभिन्न क्षेत्रमा छात्रबृति उपलव्ध गराउने, बन्धुहरुको उन्नती र प्रगतीको लागी एकापसमा सहयोग आदान प्रदान गर्ने, बिभिन्न सामाजिक बिषयमा छलफल, गोष्ठि तथा अर्न्तक्रिया गर्ने गराउने, भाषा, संस्कृति तथा अन्य यस्तै बिषयमा बिभिन्न निकायहरुसंग हातेमालो गर्दै प्रर्वद्धनको लागी आवश्यक कार्यहरु गर्ने, महिला, बाल बालिका, ज्येष्ठ नागरिक, बृद्ध बृद्धाहरु वा अशक्तहरुको संरक्षण र सम्बर्द्धनको लागी बिशेष कार्यक्रमहरु सञ्चालन गर्ने वा यस्तै प्रकृतिका अन्य कार्यहरु आफै वा अन्य

निकायहरुसंग मिलेर गर्ने, सस्थालाई आवश्यक पर्ने भवन निमार्ण गर्ने र स्थालाई आवश्यक कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवा, शर्तहरु निर्धारण गर्ने र योजना निमार्ण तथा कार्यन्वयन गर्ने राखिएको छ ।

संस्थालाई तत्काल प्रभावकारी रुपमा अगाडि बढाउनको लागि वंशाावली तयार गर्ने, स्मारिका प्रकाशन तथ बितरण गर्ने, धर्मशाला तथा बृद्धाश्रम निमार्ण गर्ने, उक्त वंशावली र स्मारिका जस्ता बौद्धिक बिषयमा अध्ययन गर्नको लागि बिद्याबारिधि छात्रवृति उपलव्ध गराउने र सदस्यता शुल्कबाट उठेको रकमको अक्षयकोष खडा गरि आर्थिक कारोवार पारदर्शी, चुस्त र दुरुस्त राख्ने गरि व्यवस्थापन कार्य समेत सुरु भएको छ जुन ६ बर्षको अवधिको अत्यन्तै सकारात्मक पक्ष हो भने अर्कोतर्फ एउटा निश्चित थरको संस्थालाई अगाडि बढाउनको लागि थुप्रै चुनौतिका पहाडको सामाना गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता समेत छ ।

## २. रणनीतिक योजनाको औचित्य तथा महत्वः

समयको बदलिदो चाप र आवश्यकता तथा समाजले लिएको पवित्र उद्देश्यलाई व्यवस्थित रुपमा पुरा गर्नको लागि योजनावद्ध रुपमा अगाडि बढ्न आवश्यक हुन्छ भने बन्धुहरु तथा अन्य शुभचिन्तकहरुको लगानिको उचित र प्रभावकारी सदुपयोग भएन भने संस्थाको विकाश हुँदैन । बदलिँदो अवधारणाअनुरूप समाजले आफ्नो दायित्व प्रभावकारी ढङ्गले बहन गर्न आवश्यक रणनीतिको निर्माण गरी कार्यान्वयनको खाका तयार गर्न यसले महत्ववपूर्ण भूमिका खेल्दछ । संस्थागत कार्यसम्पादन गर्ने क्रममा आउन सक्ने जोखिमको पहिचान गरी त्यस्ता जोखिम न्यूनीकरणका उपायहरू समेत रणनीतिक योजनामा उल्लेख गरिने हुनाले भविष्यमा आउन सक्ने जोखिमहरूलाई पन्छाई अगाडि बढ्न समेत यसले मद्दत पुऱ्याउँछ । यसले योजनाको व्यावहारिक रूपान्तरणका लागि आवश्यक भौतिक स्रोत साधन, समयसीमा तथा जिम्मेवारी बाँडफाँड गर्ने भएकाले कार्यसम्पादन नतिजामुखी र अपेक्षित रूपमा सम्पन्न गर्न संसथालाई थप बल पुग्न जान्छ ।

## ३ रणनीतिक योजना तर्जुमा प्रक्रिया :

संस्थाको बिधान, कार्य समितका पदाधिकारी तथा सदस्यहरु र दिग्गज शुभचिन्तक बन्धुहरुको सल्लाह तथा सुझावका आधारमा प्रथम रणनीतिक योजना तयार गरिएको छ । जसमा बिधानद्वारा निर्दिष्ट गरिएका प्राथमिकताका विषय तथा रणनीतिक उद्देश्यहरू र कार्यसमिति बैठकका छलफल तथा सुझावहरुलाई आधार मानी संक्षिप्त योजना प्रस्ताव गरिएको छ । सीमित स्रोत, साधन र जनशक्तिका बावजुद समाजले आफ्नो गतिविधिहरू सम्पन्न गरेको, बिभिन्न दिवशहरु सक्रियतापुर्वक सञ्चालन गर्ने र अन्य संस्थाले सञ्चालन गर्ने कार्यक्रमहरुमा नियमित भाग लिने गरेको, नियमित रुपमा रक्तदान तथा चियापान कार्यक्रमहरु सञ्चान गर्ने गरेको, बार्षिक क्यालेण्डर प्रकाशन र वितरण गर्ने गरेको, संसार भर समाजको व्यापक प्रचार प्रसार गरेको जस्ता उपलब्धी हासिल गरेको भन्ने निचोड बिभिन्न बैठकमा भएका समीक्षाको रहेको थिए । समीक्षामा समाजका

सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीका बारेमा व्यापक र निरन्तर छलफल गरिएका छन, जसले यस रणनीतिक योजना तर्जुमाका लागि आधार तयार गर्‍यो ।

## ३. समाजका सवल तथा दुर्वल पक्षहरु (चुनौति तथा सम्भावनाहरु):

समाजको विद्यमान साङ्गठनिक संरचना, क्षमता र बिधानले दिएको अधिकारअन्तर्गत आफ्नो दायित्व बमोजिम काम गर्ने क्रममा देखिएका संस्थाको सबल पक्ष, कमजोर पक्ष, अवसर र जोखिमका साथै संस्थागत चुनौतीका बारेमा निम्नअनुसार विवेचना गरिएको छ:

**क सबल पक्ष:** संस्थाको बिधान अत्यन्तै लचिलो रहेको, आचार्य बन्धुहरुको नेपाल भित्र र संसारभरिनै समाजलाई अगाडि बढाउने ईच्छाशक्ति तिब्र रहेको, बन्धुहरुको सहज पहुँच विस्तारका लागि समाजले विस्तारै प्रादेशिक तथा स्थानीय कार्यालयहरूको स्थापना गर्ने वा त्यहाँस्थित संघ संस्थासंग एकाकार हुने गरी आफ्ना काम कारबाही सहज, प्रभावकारी, पारदर्शी, व्यावसायिक र व्यवस्थित गर्नका लागि विभिन्न नीति, नियम, निर्देशिका आदि जारी गरी कार्यान्वयनमा ल्याउने प्रयत्न गर्दै आएको छ । समाजका पदाधिकारी, सदस्य तथा सवै शुभचिन्तकहरु अनुभवी र दक्ष हुनुका साथै बिभिन्न क्षेत्रमा खारिएका हुनुहून्छ भने आर्थिक रुपमा पनि अन्तयन्तै सम्पन्न र पहुँच भएका हुनुहुन्छ जुन यस समाजको अथाह पुजि हो भने दिग्गज बन्धुहरुको स्वयंसेवी रुपमा सहयोग गर्ने चाहाना र समाजलाई अगाडि बढाउनको लागि दिनुहुने, सल्लाह, सुझाव तथा सहयोगनै यस बन्धु समाजको अमुल्य धन हो ।  समाजले गर्ने गतिबिधिहरु पारिवारिक जीवनका विभिन्न आयामसँग अन्तर्सम्बन्धित हुने भएकालेपनि यसको प्रभावकारिता अतुलनीय छ ।

**ख) कमजोर पक्ष:** कार्यसम्पादनका लागि सबैभन्दा महत्वपूर्ण पक्ष भनेको मानव तथा भौतिक स्रोत साधन नै हो । कर्मचारीका अभावमा समाजको आफ्नो योजना, नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा आशातीत सफलता प्राप्त गर्न कठिनाई उत्पन्न भएको छ। केवल कार्य समितिका पदाधिकारीहरुबाट सवै प्रशासनिक काम गर्न कठिनाई हुन्छ । भर्खरै केन्द्रिय कार्यालय अनामनगरमा स्थापना भएको छ भने हालसम्म कतै आधिकारिक शाखाहरु छैनन । भएको एउटा कार्यालयमा पनि आवश्यक भौतिक स्रोत साधनको अभाव छ। समाजले आफ्नो रणनीतिक योजना, वार्षिक कार्ययोजना, नीति, कार्यक्रमहरूको प्रभावकारी रूपमा र लक्ष्यबमोजिम काम भए नभएको, आशातीत प्रगति हासिल भए नभएको जानकारी लिन निरन्तर अनुगमन तथा आवधिक मूल्याङ्कन गर्नुपन हुन्छ भने कार्यक्रमनै गर्नको लागि पनि बजेटको अभाव छ। संस्था हालसम्म केवल ईच्छा शक्ति र व्यक्तिगत सहयोगमा मात्र सञ्चालित छ ।

**ग) अवसर:** हालसम्म देशैभरि र बिश्वभर सञ्जाल फैलने गरि बृहद उद्देश्य सहित आचार्य बन्धुहरुको संगठन निमार्ण भएको छैन । यसले ती सवै स्थापित र स्थापना हुन बाँकि रहेका संघ संस्थासंग हातेमालो गर्दै एउटा बृहद संगठनको निमार्ण गर्ने अवशर पाएको छ । देश तथा बिदेशबाट देखा परेका उत्साहका कारणपनि त्यो सम्भावना देखिन्छ भने बन्धु समाजको बिधान अत्यन्तै उदार, खुला र बृहत सञ्जाजल समेतलाई मर्यादा सहित समेटन सक्ने बनाइएको छ ।

त्यसै गरि बिगत तथा हाल कार्य समितिमा बस्नुहुने र बाहिरबाट सहयोग गर्न तत्पर हुनुहुने बन्धुहरुको संस्थाप्रति विश्वास र माया नै संस्था अगाडि बढ्ने मार्गदर्शन तथा अवशर हो ।

**घ) जोखिमः** यति हुँदा हुदै पनि वर्तमान राजनीतिक अस्थिरता र तरलताका कारण संस्थालाई जातीयताको आरोप लाग्ने प्रचुर सम्भावना छ। कालान्तरमा पहिचानको राजनीति निकै खतरनाक रुपमा अगाडि बढ्दै जान पनि सक्दछ। समुदायबाट सहयोग हुने सम्भावना कम हुन्छ।

## ४. प्राथमिकताका विषयहरू :

समाजले आफ्ना सबल पक्ष, कमजोर पक्ष, अवसर र जोखिम एवं संस्थागत चुनौतीको समीक्षाका आधारमा निम्न विषयहरूलाई यस रणनीतिक योजनाको प्राथमिकताका विषयका रूपमा पहिचान गरेको छः

**क. स्मारिका प्रकाशन गर्नेः** बिभिन्न किसिमका लेख रचनाहरुको संकलन गरि एउटा स्मारिका प्रकाशन गर्ने जसमा दाताहरुको फोटो सहितको विवरण सहयोग राशिको आधारमा तयार गरि व्यापक रुपमा वितरण गर्ने । उक्त कार्यले बन्धुहरुका रचनाहरुलाई एउटै प्रकाशन मार्फत बाहिर ल्याउन सकिनुका साथै वहाँहरुको योगदानको कदर समेत हुने र सहयोग राशिको आधारमा व्यक्तिगत विवरण समेत राख्दा, संस्थाको निम्ति आर्थिक संकलन हुने र दाताको पनि उचित सम्मान हुने हुन्छ। उक्त संकलित रकम यहि रणनीतिक योजनाका आधारमा व्यवस्थित र पारदर्शी रुपमा खर्च गर्ने व्यवस्था मिलाईने ।

**ख. आचार्य वंशको एकिकृत वंशावली प्रकाशन गर्नेः** बिभिन्न ठाँउका बन्धुहरुले आफ्नो आफनो भुगोललाई समेटेर वंशावली प्रकाशन गरेपनि एकिकृत वंशावलीको अभाव छ। त्यसैले व्यापक र बिस्तृत अध्ययनका र अनुसन्धानका आधारमा बृहद दस्तावेज तयार गर्ने। त्यसको लागि हालसम्म प्रकाशन भएका वंशावलीहरुको अध्ययन र पुनरावलोकन गर्ने। आवश्यकताअनुसार सुचना संकलन गरि बृहद वंशावली तयार गर्न देश तथा बिदेशमा रहेका कौडिण्य गोत्री आचार्यहरु समेटी एकिकृत रुपमा काम गर्ने। जसको लागि  आवश्यकता अनुसार बिद्यावारिधि गर्न चाहने बिद्यार्थिको लागि छात्रवृति उपलव्ध गराउने

**ग. धर्मशाला वा बृद्धाश्रम निमार्ण गर्नेः**

देशको केन्द्रमा धर्मशाला निमार्ण गरि दुखि तथा कमजोर बर्गको सुरक्षा तथा अस्थायी वासस्थानको व्यवस्था सर्वसुलभ रुपमा गर्ने। सोको लागि संस्थागत वा सेयर लगानि जस्ता बिषयहरुमा व्यापक छलफल गरि न्युनतम सञ्चालन खर्चमात्र लिने गरि निमार्ण गर्ने । बृद्धाश्रमको लागि सम्भव भएसम्म अलग र नभए एउटै भवनमा त्यो पनि नभए धर्मशाला तथा बृद्धाश्रम दुवैको निम्ति भवन भाडामा लिएरै भएपनि सञ्चालन गर्ने ।

**घ.आचार्यहरुको राष्ट्रिय भेलाको आयोजना गर्ने र एकिकरणको लागि प्रयास गर्नेः**

आचार्य बन्धु समाजको बिधानले आचार्य बन्धुहरुको संगठनात्मक रुपमा एकिकरण गर्न अनुमति दिएको छ भने देशैभरि र बाहिर समेत रहनुभएका आचार्यहरुको चाहाना पनि एउटा शक्तिशाली तथा बृहद संगठन होस भन्ने भएकोले उक्त पवित्र कार्यको निम्ति सवै विकल्पहरु खुला राखि बृहद भेलाको आयोजना गर्ने । उक्त भेलाको निणर्यका आधारमा छाता संगठन वा सिङ्गो र व्यापक संगठनको खाका तयार गरि अगाडि बढ्ने ।

### ङ. आचार्य बन्धु समाजको आफ्नै जग्गा तथा भवन निमार्णको व्यवस्था गर्नेः

यस समाजको केन्द्रिय कार्यालयको रुपमा स्थायित्व दिनको लागि काठमाण्डौ उपत्यकाको पायक पर्ने स्थानमा समाजको नामबाट जग्गा खरिद गर्ने । त्यसको लागि सक्षम दाता बन्धुहरुबाट रकम संकलन गर्ने । नगद, जिन्स वा जग्गा जे दिन चाहानु हुन्छ वा जग्गामा पनि निश्चित रोपनी, आना, दाम वा पैसा जे दिन वा हिस्सेदार बन्न चाहानुहुन्छ, सम्मानका साथ वहाँहरुको हिस्सा/सेयरको सार्वजनिक रुपमा उल्लेख गरि शिलालेखमा क्रमानुसार नाम प्रकाशन समेत गर्ने ।

### च. अक्षय कोष खडा गर्ने :

सम्पुर्ण किसिमका सदस्यताहरु अध्यावधिक गर्दै उक्त सदस्यता तथा नविकरण शुल्कको सवै रकम अक्षय कोषमा जम्मा गर्ने र उक्त कोषको व्याजबाट कार्यलय सञ्चालन खर्च गर्ने ।

### छ. अभिलेख (data base) तयार गर्ने :

कौडिण्य गोत्री आचार्यहरुको ईतिहाँस, साहित्य, कला, राजनैतिक, धार्मिक, बौद्धिक जस्ता बिषयमा अत्यन्त महत्व राख्ने बिभिन्न प्रतिभा, लेख लगाएतका महत्वपुर्ण  चिज वस्तुहरुको अभिलेखीकरण गरी सुरक्षित र व्यवस्थित रुपमा राख्ने । जसले गर्दा भोली आचार्यहरुको अध्ययन गर्न चाहनेहरुको निम्ति एकै ठाउँमा सहि सुचना प्राप्त गर्न सहज हुन सकोस ।

### ज. सदस्यताको व्यापक बिस्तार गर्नेः

स्वदेश तथा विदेशमा छरिएका बन्धुहरुलाई एउटै छातामुनि एकाकार गर्नको लागि सदस्यता वितरण गर्नु आवश्यक छ जसले आर्थिक रुपमा अक्षय कोषलाई बलियो बनाउने र आफु सदस्य रहेको संस्था प्रतिको लगाव बढ्दै जाने हुन्छ । जसको लागि कार्यसमितिले व्यापक रुपमा सदस्यता वितरण अभियान सञ्चालन गर्नेछ ।

### झ. बन्धुहरुको संरक्षणमा रहेका धार्मिक तथा पुरातात्विक महत्वका बिषयलाई संरक्षण गर्न सहयोग गर्नेः

देशभरि यत्रतत्र रहेका ओझेलमा परेका कौडिण्य गोत्री आचार्य बन्धुहरुको संरक्षणमा रहेका धार्मिक, ऐतिहाँसिक, साहित्यिक एमव् पुरातात्विक चिज वस्तु तथा स्थानहरुको संरक्षण, सम्बर्द्धन तथा प्रचार प्रसार गर्ने र त्यस किसिमले खटदै आउनु भएका बहुप्रतिभाशाली बन्धुहरुको उचित सम्मान, हौसला तथा प्रेरणा प्रदान गर्ने ।

**ञ. शिक्षा र स्वास्थ्यका क्षेत्रमा आवश्यक सहयोग गर्नेः**

गरिव तथा कमजोर परिवारका बन्धु बान्धवहरुलाई वा अति कडा रोगका बिरुद्ध संघर्ष गरिरहनु भएका बन्धुहरुलाइ सहयोग गर्नको लागी आवश्यक छात्रबृति वा कोषको व्यवस्था गरि सहयोग गर्ने । उक्त कार्यको लागि संस्थाले आकस्मिक कोष खडा गरि सहयोग सञ्चालन गर्नेछ । उक्त कोषको लागि दाताहरुबाट सहयोगको आव्हान गरिने छ भने कोष पारदर्शी रुपमा सञ्चालन गरि दाताहरुको सम्मानको लागि सहयोग रकमको आम्दानि तथा खर्चको विवरण सार्वजनिक गरिनेछ ।

## ५. रणनीतक उद्देश्य र अवधारणाहरु

यो रणनीतिक योजना निम्नबमोजिमका दूरदृष्टि, ध्येय, लक्ष्य, मूल्य, मान्यताका आधारमा तयार पारिएको छः

**क. दूरदृष्टि :** छरिएर रहेका सवै बन्धुहरु एउटै परिवार र संस्कारका आधारमा बन्धुत्व र भाईचारको सम्बन्धमा अगाडि बढ्दानै रगतको नाता बलियो हुदै जान्छ र बृहद परिवारको एकताले सम्बन्ध मजबुत हुँदे जान्छ भन्ने मान्यताका साथ भाईचारा सम्बन्धको विकास गर्ने ।

ख. ध्येयः बिश्व बन्धुत्वको भावनाको विकाश गर्दै एकापसमा सहयोगको आदान प्रदान गर्ने र कमजोर बन्धुहरुलाई माथि उठाउन सवै खालका प्रयासहरु गर्ने ।

**ग. लक्ष्यः** एउटा सभ्य र भव्य समाजको परिकल्पना सहित सवै बन्धुहरुको संस्कारमा एकरुपता ल्याई एउटा राष्ट्रिय नमुनाको रुपमा प्रस्तुत हुँदे सभ्य समाज निमार्णमा योगदान गर्ने ।

**घ. मूल्य मान्यताः** अत्यन्त विपन्न, सीमान्तकृत र जोखिम अवस्थामा रहेका व्यक्ति वा समुदायका लागि सहज पहुँच उपलब्ध गराउने, सबै बन्धुहरुको सामुहिक हित सुनिश्चित हुने कुरालाई दृष्टिगत गर्दै समाजले कार्यक्रम सञ्चालन गर्नेछ । सामाजिक समावेशीकरणलाई अभिवृद्धि गर्न जोड दिनेछ । समाज बन्धुहरुप्रति आफ्नो उत्तरदायित्व बहन गर्ने कुरामा सचेष्ट रहनेछ । यसको विश्वसनीयता र सफलता यसले बहन गर्ने उत्तरदायित्वमा निर्भर रहनेछ । समाजले जवाफदेहिताअन्तर्गत यस द्वारा सम्पादित भएका कामको आवधिक प्रतिवेदन तयार गर्ने र देशका सबै क्षेत्रमा व्यापक रूपमा वितरण गर्नेछ । बन्धुहरुको माग तथा आवश्यकताअनुसार समाजको भूमिका तथा दायित्वका विषयमा आवश्यक परेमा सार्वजनिक सुनुवाईको समेत आयोजना गर्नेछ । समाजको प्रभावकारी कार्यसम्पादनका लागि निष्पक्षता नै मुख्य आधार हो । समाज लिङ्ग, जाति, आस्था, विचार, आर्थिक तथा सामाजिक अवस्थालगायतका अन्य कुनै पनि आधारमा कुनै व्यक्ति वा संस्थामाथि पूर्वाग्रह राख्ने कुराबाट मुक्त रहनेछ । यसका योजना कार्यान्वयन, अनुगमन तथा निर्णय प्रक्रियाका सबै चरणहरूमा निष्पक्षता र स्वच्छता कायम राख्नेछ । सदस्य तथा अन्य बन्धुहरुको सरोकारका विषयमा अविलम्ब सूचना पाउने हक एवम् समाजको सही सूचना दिने कर्तव्य रहने कुरा नीतिको रूपमा अङ्गीकार गरी समाजले पारदर्शिता र सूचनाको हकलाई सुनिश्चित गर्नेछ । यसबाट सञ्चालन गरिने गतिविधिमा हरेक क्षेत्रको सहभागिताका लागि प्रतिबद्ध

रहेको छ । समाजले सबै जातजाति, भाषाभाषी, लिङ्ग, वर्ग, क्षेत्र, समुदायको समान रूपमा सम्मान गर्दछ ।

**६. रणनीतिक योजनाहरुः** समाजका रणनीतिक योजनाहरु मथि बुँदा नं. ४ मा उल्लेखित प्राथामिकताका आधारमा तय हुनेछन ।

**७. रणनीतिक योजनाको कार्यन्वयन :** समाजले योजनाको कार्यान्वयन समय, श्रोत, प्राथामिक आवश्यकता र क्षमताका आधारमा आगामि ५ बर्ष भित्र गर्दै जानेछ । कार्यसमिति भित्र वा बाहिर बाट बिषयगत बिज्ञहरु छनौट गरि प्राथामिक बिषयहरुको कार्यान्वयनको लागि समितिहरु गठन गरि कार्यादेश सहित कार्य सञ्चालन गरिनेछ । श्रोत संकलन लगाएतका सम्पुर्ण कार्यदेश उक्त समितिहरुलाई दिईनेछ ।

**८. अनुमानित लागतः** रणनीतिक योजनामा प्राथामिकतामा परेका बिषयहरुको अलग अलग कार्यान्वयन योजना तयार पारि तत् तत् क्षेत्रमा लागतको अनुमान गरि कार्य समितिमा प्रस्ताव पेश गरिनेछ । कार्य समितिबाट प्रस्ताव पारित भएपछि मात्र योजनाको सञ्चालन गरिनेछ ।